प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/२७

(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब छयालिस प्रतिशत (४६.१६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढीरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको छ र सक्रिय संक्रमणको संख्या पनि उल्लेख्य मात्रामा रहेको छ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ११५३५८ (१००%) | ५४४०५ (१००%) |
| निको भएको | ७८७८० (६८.३%) | ३०४२९ (५५.९%) |
| उपचाररत | ३५९१५ (३१.१%) | २३६९० (४३.५%) |
| मृत्यु भएको | ६६३ (०.५७%) | २८६ (०.५२%) |

श्रोतः - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२७ - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२७

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/२७

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

गत २४ घण्टामा १६९ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ (काठमाण्डौ उपत्यकाभित्र १२९ र बाहिर ४०) जसमध्ये ५७ जना भेन्टिलेटरमा हुनुहुन्छ (काठमाण्डौ उपत्यकाभित्र ५३ र बाहिर ४) ।

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्या:

- काठमाण्डौ-५, ललितपुर-२, भक्तपुर-२ नुवाकोट-२, चितवन-१, दोलखा-१, **(कुल जम्मा-१३)**

## ❖ गत २४ घण्टामा भएको निधनको विवरण:

- गौरीघाट-६, काठमाण्डौका ७५ वर्षीय पुरुषलाई फोक्सोको समस्या भई असोज २१ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २२ गते निधन भएको छ । उहाँको असोज १६ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र दिर्घ मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो । गोठाटार, काठमाण्डौकी ७३ वर्षीया महिलालाई निमोनिया भई असोज २४ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज २६ गते कोभिड-१९ पुष्टि भएको थियो ।घट्टेकुलो, काठमाण्डौकी ७१ वर्षीया महिलालाई श्वासप्रश्वासमा समस्या भई असोज १० गते स्टार अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज ८ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ मधुमेह र उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो ।लगनटोल, काठमाण्डौका ६७ वर्षीय पुरुषलाई निमोनिया र मुटुको समस्या असोज १९ गते करुणा अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको असोज १९ गते कोभिड-१९ पुष्टि भएको थियो ।जलजले, काठमाण्डौका ८० वर्षीय पुरुषलाई असोज १९ गते श्री वीरेन्द्र भर्ना गरी उपचार गर्ने क्रममा असोज २६ गते निधन भएको छ । उहाँको असोज १९ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- टिकाथली, ललितपुरका ६७ वर्षीय पुरुषलाई मुटु र मृगौलाको समस्या भई असोज २२ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २६ गते निधन भएको छ । उहाँको असोज २६ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेहले ग्रसित हुनुहुन्थ्यो । मंगलबजार, ललितपुरका ५४ वर्षीय पुरुषलाई मुटु र मृगौलाको समस्या भई असोज १७ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २५ गते निधन भएको छ । उहाँको असोज १७ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेह र मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो ।

- ब्यासी-२, भक्तपुरका ९१ वर्षीय पुरुषलाई असोज २६ गते श्री वीरेन्द्र अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि निधन भएको छ । उहाँको असोज १६ गते नै कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दमको समस्याले ग्रसित हुनुहुन्थ्यो । भेकुहेल-५, भक्तपुरका ५९ वर्षीय पुरुषलाई निमोनिया भई असोज २३ गते भक्तपुर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २५ गते निधन भएको छ । उहाँको असोज २५ गते नै कोभिड-१९ पुष्टि भएको थियो। उहाँ क्यान्सरले ग्रसित हुनुहुन्थ्यो ।
- पंचकन्या-४, नुवाकोटकी ८१ वर्षीया महिलालाई असोज २६ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ । उहाँको असोज २१ गते कोभिड-१९ पुष्टि भएको थियो । नुवाकोटका

४० वर्षीय पुरुषलाई प्यान्क्रियाजको समस्या असोज ११ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २५ गते निधन भएको छ । उहाँको असोज १३ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो ।

- भरतपुर-१०, चितवनका ७८ वर्षीय पुरुषलाई निमोनिया भई असोज २४ गते चितवन मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २६ गते निधन भएको छ । उहाँको असोज २२ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ प्रोस्टेट क्यान्सरले ग्रसित हुनुहुन्थ्यो । दोलखाका ४७ वर्षीय पुरुषलाई असोज २१ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २६ गते निधन भएको छ ।उहाँको असोज १३ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मानसिक रोगले ग्रसित हुनुहुन्थ्यो | उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७७२८ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल ३३३ जना बसिरहनुभएको छ भने १५१८ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२३६ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३९०३ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १३७३३ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा १०४५५४ जनाको पिसिआर परिक्षण गरिएको छ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका* | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | ८७०७ | २६४६६ | ३७३७७ | १७४६ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २८९ | ११२३४ | ५२०० | २१६ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ८८ | ७५४ | १०७६८ | ३६४३ | १६७ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ० | १११२ | ३२ | | |
| नुवाकोट | ५४९ | ३ | १८ | ४० | ९६ | १५४ | ५२५१ | ३३७ | १७ | |
| धादिङ | ३१५ | ४ | १८ | १३७ | ५१ | ४८ | ४४२९ | ६७७ | ९ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३ | १२१७ | १५७७९ | ३१२८ | ४८ | |
| सिन्धुली | ३१३ | २४ | ८५ | ४३ | १४४ | २६८ | ३५०३ | २८० | १६ | |
| मकवानपुर | १५५ | १ | ४ | २४५ | ५९ | ५ | १२४१६ | २०६३ | १३० | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १८ | १४७९ | २६१ | ८ | |
| दोलखा | १९३ | ३ | ६१ | ४४ | ७ | २२२८ | २२४२ | १८४ | ११ | |
| काभ्रेपलान्चोक | ६७८ | २८ | १०१ | १७६ | ८४ | २७ | ५१७० | ९४४ | ११ | |
| सिन्धुपाल्चोक | ७८९ | ११ | १०१ | ८६ | ३४ | १८ | ४७०५ | २७९ | १४ | |
| जम्मा | ७७२८ | ३३३ | १५१८ | ३२३६ | ३९०३ | १३७३३ | १०४५५४ | ५४४०५ | २३९३ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*केहि होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

# संक्रमितको संख्या हिजो संलग्न नगरिएको विवरण आज जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वावको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ८५५० | २४६ | २३७ | २९ जनाः भक्तपुर-१३, सिन्धुली-८, दोलखा-३, रामेछाप-१, सिन्धुपाल्चोक-१, काभ्रेपलान्चोक-२, फलोअप-१ | २०८ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २७०७६ | ५४९ | ४४९ | १४८ जनाः मकवानपुर-१२७, सिन्धुली-७, चितवन-१, धादिङ-१, बारा-१, दाङ-१ | ३०१ | |

### ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड१९ संकट ब्यवस्थापन केन्द्रः** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन / नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई